# फिदिम नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

### फिदिम, पाँचथर

१ नं. प्रदेश नेपाल

विषय- लिलाम बढाबढ सूचना ।

सूचना प्रकाशन मिति- २०७८/०९/२३

विगत लामो समयदेखि दिम नगरपालिका वडा नं. ८ स्थित पौवाभज्याङ बजारभित्र मेची राजमार्गको छेवैमा प्लेट नं. बा २ ख ७४८० को पत्रु टिपर एक (१) थान बेबारिसे अवस्थामा रहेको पाईएकोले ती बेवारिसे सवारी साधनले सडक क्षेत्र /सार्वजनिक क्षेत्र अशोभनिय देखिने सडक दुर्घटना वढ्न सक्ने तथा स्थानीय पर्यटकीय स्थलको सन्दर्यमा समेत प्रभाव पर्न सक्ने भएको हुँदा मिति २०७८/०५/२४ गतेको सार्वजनिक सुचना अनुसार १५ दिनभित्रमा हटाईदिन सम्वन्धित सवारी धनीहरुलाई अनुरोध भएको थियो । तोकिएको समयावधिमा कसैको पनि हक दावी नपरेकोले यस कार्यालयको मिति २०७८/९/२१ गतेको निर्णयअनुसार सोही अवस्थामा लिलाम बढाबढ गरिने हुँदा सम्वन्धित सबैको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिलः

१. दरभाउपत्र फाराम रु. १०००।- अक्षरेपी रु एकहजार (फिर्ता नहुने ) बुझाई खरिद गर्न सकिनेछ ।

२.पत्रु टिपर ५५०० के.जी. को प्रति के.जि. रु. २०।- का दरले जम्मा रु. १,२४,३००।-(अक्षरेपी एक लाख चौविस हजार तीनसय मात्र) लिलाम बढाबढ हुने न्यूनतम मूल्य कायम गरिएको छ ।

३.लिलाम बढाबढ हुने स्थान, मिति र समय

क) मिति २०७८/९/ २३ गतेको फिदिम टुडे दैनिकमा प्रथम पटक प्रकाशित मितिले २१ औं दिन वा सो दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्ट ।

ख) स्थानः फिदिम नगरपालिकाको कार्यालय पाँचथर ।

ग) समय दिनको २:०० बजे ।

४. लिलाममा भाग लिन इच्छुक फर्म,संस्था,कम्पनीले लिलाम हुने दिनको १२:०० बजेभित्र यस कार्यालयमा आवश्यक कागजात संस्था दर्ता प्रमाण पत्रको प्रतिलिपी, संस्था नविकरण र कर चुक्ताको प्रतिलिपी र निवेदन सहित सिलबन्दी गरी दर्ता गराउनु पर्नेछ ।

५. लिलाम बढाबढको कबोल अंकको ५ प्रतिशतले हुन आउनेरकम फिदिम न.पा. धरौटी खाता नं. ०६७०३०००००३००००००००१ मा रकम जम्मा गरी सक्कलै भौचर दरभाउपत्र फाराम साथ सिलबन्दी खामभित्र राख्नु पर्नेछ ।

६. लिलाम वढाबढ भएको मितिले ७ दिन भित्र लिलामसकार गरेका समान कवोल अंकको रकम बुझाई उठाई लानु पर्नेछ ।

७. सिलवन्दी दरभाउपत्रको खाममा दरभाउपत्रदाताको नाम, ठेगाना, मोवाईल नं. र छाप स्पष्ट उल्लेख गर्नुपर्नेछ ।

८. थप कुरा बुझ्न परेमा मोवाईल नं. ९८४४६६७६४४ मा सम्पर्क राख्न सकिनेछ ।

९. यस सूचनामा उल्लेख भएका कुराहरु यसै बमोजिम र उल्लेख नभएका कुराहरुको हकमा नेपालको प्रचलित कानून बमोजिम हुनेछ ।

०६८।९।२२

प्रमुख प्रशासकीय अधिकृत